# समुदायमा सञ्चालन गरिने प्रगती गतिविधिहरूमा पुरुष संलग्नता सम्बन्धी निर्देशिका

## पुरुष संलग्नता किन ?

धेरै जसो परिवारमा पुरुषहरू नै मुख्य निर्णयकर्ता हुनुका साथै सामाजिक मूल्यमान्यताहरूका प्रमुख निर्धारक ( निर्धारणकर्ता) निरन्तर कायम गर्नलाई प्रभाव पार्ने समूह समेत भएकाले प्रगती अवधारणमा पुरुषहरूको संलग्नतालाई एउटा महत्वपूर्ण कडीको रुपमा लिइएको छ। उनीहरूको संलग्नताले विशेष गरी सिमान्तकृत समुदायमा परिवार नियोजनको प्रयोगमा विस्तार गर्न सहयोग पुग्दछ। हाम्रो प्राचिन परम्परा जसले प्रजनन् स्वास्थ्यको छलफल तथा कार्यान्वयनमा पुरुषहरूलाई समावेश नगराउने पुरानो परम्परा विपरित यस परियोजनाले परिवार नियोजनको प्रयोग सम्बन्धी निर्णय गर्नका लागि दम्पती बीचमा छलफल वा कुराकानी गर्न सहज पार्नुको साथै परिवार नियोजन सम्बन्धी खेलहरू एवं कुराकानीहरूमा पुरुषहरूलाई पनि सहभागी गराई सामाजिक तथा लैङ्गिक मूल्यमान्यतामा बृहत्त परिवर्तनको लागि हौसला समेत प्रदान गरेको छ।

तल उल्लेखित केही मापदण्डहरूले पुरुष संलग्नताको रणनीतिलाई दिशा निर्देश गर्न सक्दछन् :

- पुरुष संलग्नताको मुख्य लक्ष्य प्रजनन् स्वास्थ्यको विषयमा महिला र पुरुषको समान सहभागिता तथा छलफल वा कुराकानीका लागि अभिप्रेरित गर्नु हो। तर यसको अर्थ महिलाको सहभागिता र उनीहरूको आवाजलाई कम महत्व दिनु भने अवश्य होइन।
- व्यवहार परिवर्तका लागि संन्देश प्रवाह गर्ने पद्धतिभन्दा पनि प्रतिविम्वत बैचारीक कुराकानी र त्यसप्रतिको कार्यमा समान सहभागीता कायम राख्दै पुरुषहरूलाई उनीहरूका दम्पतीसँगै समाजमा सहयोगको खोजी गर्नु तथा चासो लिन र सोच्न हौसला प्रदान गर्नु हो।
- यदि पुरुषहरू कामको लागि विदेश गएको र समुदायमा उपस्थित नहुने सन्दर्भमा कार्य गर्न, रणनीतिमा सामान्य परिवर्तन गरी पुरुष निर्णयकर्ताहरूको पहुँचमा पुग्ने कार्यनीति अपनाउनु पर्छ।

## पुरुषमैत्री रणनीति : पुरुषहरूसम्मको पहुँच

पुरुषहरूको पहिचान तथा समुदायमा खेलिने खेलहरूमा उनीहरूको संलग्नताको लागि फ्याक्ट परियोजनाले विभिन्न रणनीतिहरू परिक्षण गरिएको छ। अब नयाँ कार्यक्रम कार्यान्वयन गर्दा र यस सम्बन्धी रणनीतिहरू बनाउँदै गर्दा उनीहरूलाई सृजनात्मक एवं विवेकशील हुनका लागि अभिप्रेरित गरिन्छ।

यसका लागि निम्नलिखित सम्भावनाहरू हुनसक्छन् :

- पुरुषहरूको समूह वा मिश्रित समूहमा संलग्न रहेका पुरुषहरूको पहिचान गरी उनीहरूलाई खेलहरू खेल्नका लागि प्रोत्साहित गर्ने।
- श्रीमान वा पुरुषहरूलाई उनीहरूको श्रीमतीहरु सँगै स्वस्थ आमा समूहमा सहभागी भई खेलहरू खेल्नका लागि श्रीमानहरूलाई अभिप्रेरित गर्ने ।
- आफ्नो साथीहरू वा समूहमा खेलहरू खेल्नका लागि स्वास्थ्य संस्थाका कर्मचारी एवं व्यवस्थापन समितिका सदस्यहरूलाई अभिप्रेरित गर्ने
- पुरुषहरूसम्मको पहुँचका लागि रेडियो कार्यक्रमका साथै अन्य विकल्पहरूलाई पनि अपनाउने।
- समुदायमा घर बाहिर रहेका धेरै पुरुषहरू वा श्रीमानहरूसम्म पुग्नका लागि वा त्यसको उपायहरूको लागि काम गर्ने।


प्रत्येक सन्दर्भमा कार्यान्वयनकर्ताहरूले पुरुषहरूको संलग्नता, विशेष गरी उनीहरूलाई महिला र पुरुषहरूको मिश्रित समूहहरूमा घुलमिल गराउनका लागि कोसिस गर्ने । महिला तथा पुरुषहरूलाई एकीकृत गर्नुअघि सहभागीहरू यस कार्यमा संलग्न हुन सहज छन् कि छैनन् भनी प्रश्न सोध्नुहोस् विशेषतः खेलहरूको विषयवस्तु, खेल्ने तरिकाबारे वताउने र सहज छन् कि छैनन् भनी पत्ता लगाई मिश्रित समूहमा खोउने ।

## पुरुष च्याम्पीयनहरू

पुरुषहरूलाई प्रगतीसँग संलग्न गराउने एउटा रणनीति चाहीँ पुरुष च्याम्पीयनहरूको पहिचान गरी उनीहरूलाई अभिमुखीकरण गर्नु हो । त्यसपछि उनीहरूले समुदायमा रहेका अन्य पुरुषहरूसँग प्रगती खेलहरूमा तथा छलफलहरूमा सहजिकरण गर्नेछन् । समाजमा प्रभाव पार्ने व्यक्तिहरूको पहिचान गरेजस्तै कार्यक्रम कार्यान्वयनकर्ताहरूले च्याम्पीयनहरूको छनौट गर्दा समुदायमा उनीहरूको प्रभाव, आदर तथा नेतृत्वको स्तरसमेतमा विचार पुऱ्याउनु पर्छ । यसो गर्दा उनीहरूमा समतामूलक लैङ्गिक भूमिका तथा परिवार नियोजनको प्रयोगको समर्थकको रुपमा उदाहरणीय व्यक्तिको भूमिका निर्वाह गर्नको लागि सम्भाव्यता हुनेमा समेत ध्यान पुऱ्याउनु पर्छ । ती व्यक्तिहरूको पहिचान गर्ने जसले अन्य सामुदायिक समूहहरू जस्तै वडा नागरिक मञ्च, स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय आदिमा सहजिकरण गरेका छन् ।

एक पटक पहिचान भैसकेपछि, पुरुष च्याम्पीयनहरूलाई समुदायका अन्य प्रगती सहजकर्ताहरूसँगै प्रगती अभिमुखीकरणमा सहभागी गराउन सकिन्छ । उक्त अभिमुखीकरणले परिवार नियोजन सम्बन्धी सूचना एवं शिर्षकहरूको बुझाइ तथा सहजतामा अभिबृद्धि गर्नुका अतिरिक्त खेलहरू तथा प्रतिविम्वित छलफलहरूलाई सहजिकरण गर्दै त्यसको अभ्यासमा जोड दिनुपर्छ । परियोजना कार्यान्वयनकर्ता वा अभिमुखीकरण सहजकर्ताहरूले कुनकुन अभिमुखीकरण गतिविधिहरू महिला पुरुषहरूको मिश्रित समूहमा अथवा पुरुष वा महिलाहरूको बेग्लावेग्लै समूहमा सञ्चालन गर्ने हो भनी सुनिश्चित गर्नुपर्ने हुन्छ । अद्यपि, दुबैलाई एकै ठाउँमा राखी मिश्रित समूहमा सञ्चालन गर्नु चाहीँ बढी उपयुक्त हुन्छ किन कि यसले परम्परागत सामाजिक मूल्य मान्यता एवं लैङ्गिक अवरोधहरू विखण्डन गर्नुका साथै प्रजनन् स्वास्थ्यसँग सम्बन्धित आशाहरू पुरा गर्न समेत मद्दत गर्छ । यदि प्रवर्धक तथा पुरुष च्याम्पीयनहरू समुदायभित्र मिश्रित समूहमा नै प्रजनन् स्वास्थ्यका बारेमा छलफल गर्न सहज महशुस गर्छन् भने उनीहरूलाई शुरुआती अवस्थाबाट नै उक्त विषयवस्तुमा सहज हुनु जरुरी हुन्छ वा उनीहरूलाई शुरुबाटै संलग्न गराउँदै जानुपर्छ ।

अभिमुखीकरण पूरा भैसकेपछि ती पुरुष च्याम्पीयनहरूलाई पनि स्वस्थ आमा समूहका च्याम्पीयनहरूलाई जस्तै प्रगती सामग्रीको पूरा सेट प्रदान गर्नु पर्दछ । यसले गर्दा उनीहरू पनि उत्साहित भई खेलहरू खेल्नमा तथा आफ्ना साथीहरू एवं समूहवीचमा हुने छलफलमा सहजिकरण गर्नेछन् । विशेषत : उनीहरूको समुदायमा भएका नवयुवा पुरुष तथा साथी सञ्जालमा सहजै पुग्नेछन् । महिला स्वास्थ्य स्वयंसेविका चाहीँ स्वास्थ्य आमा समूहका च्याम्पीयनहरूको प्रत्यक्ष सहयोगी वा समर्थक भएता पनि पुरुष च्याम्पीयनहरूको सहयोग गाउँपालिका वा वडास्तरमा हुनेछ तर उक्त कुरा कसलाई कसरी छनौट गरिन्छ भन्नेमा निर्भर रहन्छ । परियोजनाका कर्मचारीहरूको अतिरिक्त स्वास्थ्य संस्थाका कर्मचारी वा समुदायमा प्रभाव पार्ने अन्य व्यक्तिहरूबाट पनि यस्ता सहयोग र समर्थनहरू प्राप्त हुनेछन् ।




## पुरुषहरूले के के गर्न सक्छन् : पुरुषसँग सम्बन्धित लैङ्गिक विषयवस्तुहरू प्रगती खेलहरूको छलफलमा लागू गर्ने

शुरुआती अवस्था उनीहरू जे जसरी पुगेता पनि पुरुषहरूलाई परियोजनाको विषयवस्तु तथा बैचारिक प्रतिविम्वको प्रचारप्रसारलाई विभिन्न तरिकाले अघि बढाउन अभिप्रेरित गर्न सकिन्छ ।

**साथीबीचको अन्तर्क्रियाको अवसर**

पुरुषहरूलाई उनीहरूका साथीहरूसँग विचार बिमर्श एवं चिन्तनशील (प्रतिविम्व) छलफल गर्नका लागि अभिप्रेरित गर्न सकिन्छ । साथीहरूबीचको कुराकानी (एक-अर्काबीच वा समूहमा) ले ज्ञान आदानप्रदान गर्ने अवसर प्रदान गर्नुका साथै परिवार नियोजनसँग सम्बन्धित व्यवहारहरू परिवर्तन गर्न पनि सघाउ पुऱ्याउँछ ।

**मिश्रित लैङ्गिक समूहबीचमा कुराकानीको अवसर प्रदान गर्दछ**

सबैका माझमा खासगरी मिश्रित लैङ्गिक समूहमा (महिला पुरुष दुवै भएका ठाउँमा) प्रजनन् स्वास्थ्यको विषयवस्तुमा छलफल गर्नु धेरैहदसम्म अप्ठेरो मानिन्छ । तर, पुरुषहरूलाई महिलाहरूको पनि सहभागिता हुने ती समूहहरूमा गई खेलहरु खेलाउन प्रोत्साहित गर्दा यौन तथा प्रजनन् स्वास्थ्यको विषयवस्तु प्रतिको लज्जाको भावना न्यूनिकरण गर्न सहयोग पुग्दछ । यस कार्यले मानिसहरूलाई परिवार नियोजन र प्रजनन् स्वास्थ्यको आवश्यकता पुरा गर्न समेत सहज वातावरण बनाउँनेछ ।

**पुरुषहरूको परम्परागत भूमिका पुनर्विचार गर्न उदाहरणीय नमूना वा व्यक्तित्व प्रदान गर्छ**

प्रगती खेलहरूमा दम्पतीबीचमा तथा घरपरिवारमा लैङ्गिक भूमिका, प्रजनन् छनौट, छोराको चाहना, गर्भधारण र परिवार नियोजनको रोजाइमा महिला र पुरुषबीचको सापेक्षित जिम्मेवारी, परिवार नियोजनसँग सम्बन्धित निर्णय भएकाले प्रजनन् क्षमताबारेको बुझाइ एवं कार्यान्वयन तथा परिवार नियोजनको साधनहरूबारेको गलत धारणा वा मिथ्याहरूको बुझाइ सम्बन्धी वैचारिक प्रतिविम्व समावेश गरिएको छ । प्रगती अवधारणामा पुरुषहरूको संलग्नताले परिवर्तनको सम्वाहकको रुपमा उनीहरूको पहिचान हुनेछ : यी विषय वस्तुहरूको कुराकानीमा उदाहरणीय व्यक्तित्वको रुपमा तथा उनीहरूको विचार अन्य पुरुषहरूसँग प्रवाह गर्नाले ती मानिसहरूले पनि परिवार नियोजन र प्रजनन् स्वास्थ्यसँग सम्बन्धित सामाजिक मूल्यमान्यताहरू परिवर्तनको थालनी गर्न सक्नेछन् ।

**प्रजनन् एवं परिवार नियोजन सम्बन्धी पुरुषहरूको ज्ञानमा अभिबृद्धि हुनाले उनीहरूको परिवार र समुदायलाई नै फाइदा पुग्छ**

परम्परागत रुपमा, पुरुषहरूलाई प्रजनन् स्वास्थ्य तथा लैङ्गिक मूल्यमान्यताको मामिलामा सामान्य जानकार तथा बाह्य व्यक्तिको रुपमा संलग्न गराइन्थ्यो । अब सम्पूर्ण जानकारी पाएपछि उनीहरूले आफ्ना साथीहरू ज्ञान तथा जानकारी प्रवाह गर्नसक्ने छन् जसको उमेर पुगेका सन्तान छन् ; आफ्नो समुदायमा छाउ गोठलाई निरुत्साहित गर्नेछन्, तथा लैङ्गिक मूल्यमान्यताप्रति सजग हुनेछन् । साथै परिवार र साथीहरूमाझ ती विषयवस्तुहरूको छलफलमा हौसला प्रदान गर्नेछन् ।

## निष्कर्ष

निष्कर्षमा, प्रगती खेलहरूमा पुरुषहरूलाई संलग्न गराई फ्याक्ट् परियोजनाले परिवार नियोजन, लैङ्गिक एवं सामाजिक मूल्यमान्यता, तथा प्रजनन् स्वास्थ्यका सम्बन्धमा आफ्ना पत्नी, परिवारका सदस्यहरू तथा साथीहरूसँगको कुराकानीमा पुरुषहरूको संलग्नता खोज्दछ । यस्तो संलग्नताको माध्यमबाट परियोजनाले प्रजनन् स्वास्थ्य तथा परिवार नियोजनसँग सम्बन्धित सामाजिक एवं लैङ्गिक मूल्यमान्यता प्रभावित गरी परिवार नियोजनको प्रयोगमा सुधार ल्याउने तथा समुदायका आवश्यकताहरू परिपुर्ति गर्ने सहयोगी वातावरण निर्माण गर्ने लक्ष्य लिएको छ ।